# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, माघ १ गते २०२९ साल [ अतिरिक्ताङ्क ४६

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

संक्षिप्त कार्यविधि ऐन २०२८ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यभर मिति २०३०।१।१ देखि सो ऐन प्रारम्भ हुने गरी तोकिदिएको छ ।

आज्ञाले–

त्रिभुवनप्रताप राणा

श्री ५ को सरकारको का. मु. सचिव

382

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

नेपाल विशेष अदालत ऐन २०१३ (संशोधन सहित) को दफा २ र ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

(क) निम्नलिखित सदस्यहरू भएको एक विशेष अदालत गठन गरिएको छः–

१. सर्वोच्च अदालतका माननीय अस्थायी न्यायाधीश श्री त्रैलोक्यराज अर्याल ।

२. श्री लेकविक्रम राणा, सह–सचिव गृह पञ्चायत मन्त्रालय ।

३. श्री केदारप्रसाद शर्मा, का. मु. अञ्चल न्यायाधीश, लुम्बिनी अञ्चल अदालत ।

(ख) यस विशेष अदालतको अध्यक्षमा सर्वोच्च अदालतका माननीय अस्थायी न्यायाधीश श्री त्रैलोक्यराज अर्याललाई तोकिएको छ ।

(ग) झापा जिल्ला अन्तर्गत पटक पटक भएको धर्मप्रसाद ढकाल समेतको हत्या सम्बन्धी ज्यान मुद्दाहरूको उजुरी लिई कारवाही र किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ ।

(घ) यस विशेष अदालतले मेची अञ्चलभित्र जहाँसुकै पनि आफ्नो इजलास कायम गर्न सक्नेछ ।

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापखानामा मुद्रित ।

366

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।